उद्देश्य:

विभिन्न पृष्ठभूमिबाट आएका अल्पसंख्यक जातीयहरूलाई आजीवन शिक्षा दिन र उनीहरूको व्यक्तिगत क्षमता वृद्धि गर्ने लक्ष्य राखी कर्मचारी पुनप्रशिक्षण बोर्ड (ERB) को विशेष भाषा सम्बन्धि पाठ्यक्रममा भाग लिएका स्कुल-उपस्थित-नहुने अल्पसंख्यक जातीयहरूलाई सहायता प्रदान गर्न ।

लक्षियत लाभार्थी:

**निम्नलिखित मापदण्ड सबै पुरा गर्नुपर्नेछ:**

1. हङकङ परिचय पत्र (HKIC) भएको चिनियाँ नबोल्ने (NCS) निवासीहरू जसमा समावेश छन्:
   i. हङकङ स्थायी परिचय पत्र धारक, **वा**
   ii. हङकङमा भुमिको अधिकार भएको वा विना शर्त बसोबास गर्ने वा आश्रितको रूपमा हङकङ रहन पाउने अधिकार भएको (र उनीहरूको प्रायोजक हङकङ स्थायी निवासी वा हङकङमा भुमिको अधिकार भएको वा विना शर्त बसोबास गर्न पाउने गैर-स्थायी निवासी भएको)।
2. कम आय भएका परिवारहरूबाट:
   a. मासिक घरेलु आय तल तोकिएको आय सीमा भन्दा कम भएको, **वा**

| घरेलु आकार (व्यक्तिहरू) | आय सीमा (HK$) |
|---|---|
| 1 | 5,250 |
| 2 | 12,375 |
| 3 | 16,800 |
| 4 | 22,875 |
| 5 | 29,175 |
| 6 वा बढी | 32,400 |

(तोकिएको आय सीमा नबीकरण हुन सक्नेछ, विस्तृत जानकारीको लागि गृह मामिला विभागको वेबसाइट:www.had.gov.hk हेर्नुहोस्।)

   b.निवेदक वा उसको परिवारको सदस्यले * तल उल्लेख गरिएका मध्ये कुनै एक सहायता योजनाको साघन-परीक्षा पास गरेको:
   i. व्यापक सामाजिक सुरक्षा सहयोग योजना:
   ii. विध्यार्थी आर्थिक सहायता संस्था अन्तर्गतको विध्यार्थी आर्थिक सहायता योजना
   - तृतीय विध्यार्थी आर्थिक योजना-सार्वजनिक कोषको कार्यक्रमहरू;
   - माध्यमिक पुरा गरेका विध्यार्थीका लागि आर्थिक सहायता योजना;
   - प्राथमिक र माध्यमिक विध्यार्थीहरूको लागि आर्थिक सहायता (जस्तै स्कुल किताब सहायता योजना, विध्यार्थी भ्रमण सहायता योजना, इन्टरनेट पहुंचको मुल्यको लागि सहायता योजना, परिक्षा शुल्क छुट योजना, यी जिन योजना (पुर्ण शुल्क परिपुर्ति) वा तोकिएको साँझ वयस्क शिक्षा पाठ्यक्रमहरूको लागि आर्थिक सहायता योजना (पुर्ण/आधा शुल्क परिपुर्ति);
   - किन्डरगार्डन र बाल रेखदेख केन्द्रको छुट योजना;
   iii अस्पताल प्राधिकरण चिकित्सा छुट यन्त्र ( एक-बन्द छुट बाहेक).

*परिवारको सदस्य भन्नाले निवेदकसँग बस्ने बाबु, आमा, छोरा, छोरी, श्रीमान वा श्रीमतीलाई जनाँउदछ (कानुनी मान्यता प्राप्त धर्मपुत्र ग्रहण गर्न योग्य आमाबाबु/बालबालिका र पितृत्वको प्रमाण भएको अवैध बालबालिका)

3. स्कुल-उपस्थित-नहुने सहभागीहरू

4. ERB ले विशेष लक्ष्य गरेको समुहहरू जसले विशेष भाषा सम्बन्धि पाठ्यक्रममा 80% वा सो भन्दा माथि उपस्थितिको साथ सहभागी भएका छन्। (पुनप्रशिक्षण बोर्डको विशेष लक्षियत समुहको लागि विशेष भाषा सम्बन्धि पाठ्यक्रमको लागि कृपया निवेदन फारमसँग संलग्न "निवेदकलाई टिप्पणी" हेर्नुहोस्)

5. सहायताको लागि बर्षमा दुई पटक र तीन बर्षमा चार पटक भन्दा बढी निवेदन दिन पाउने छैन।

कसरी निवेदन गर्ने:

निवेदन फारमहरू र विस्तृत मार्गदर्शन टिप्पणीहरू निम्न लिखित ठाँउहरूमा उपलब्ध छन्:

- गृह मामिला विभाग र अन्तराष्ट्रिय समाज सेवाको (हङकङ शाखा) वेबसाइटमा
- गृह मामिला विभागको सार्वजानिक सोधपुछ सेवा केन्द्रहरू, अल्पसंख्यक जातीहरूको लागि समर्थन केन्द्रहरू र अन्तराष्ट्रिय समाज सेवाको जिल्ला सेवा केन्द्रहरू(हङकङ शाखा)

पुरा गरिएको फारमसँगै प्रमाणको लागि प्रासंगिक कागजपत्रलाई:

- हुलाकद्वारा अन्तराष्ट्रिय समाज सेवा (हङकङ शाखा) अल्पसंख्यक जातीहरूको लागि समर्थन केन्द्र HOPE मा पठाउनुहोस्; वा
- अन्तराष्ट्रिय समाज सेवाको जिल्ला सेवा केन्द्रहरू(हङकङ शाखा) को जम्मा गर्ने बाकसमा खसाल्नुहोस्।

| | |
|---|---|
| HOPE अल्पसंख्यक जातीहरूको लागि समर्थन केन्द्र | 3/F, Tak Lee Commercial Building, 113-117 Wan Chai Road, Wan Chai |
| मुख्यालय | 6/F, Southorn Centre, 130 Hennessy Road, Wan Chai, Hong Kong |
| शाम शुइ पु (दक्षिण) केन्द्र | G/F, High Block, Nam Cheong Community Centre, Nam Cheong Estate, Shamshuipo, Kowloon |
| मङ कक् केन्द्र | 1/F, Li Po Chun Medical Centre, 22 Arran Street, Prince Edward, Kowloon |
| वङ ताइ सिन केन्द्र | Unit 1, G/F, Lung Wo House, Lower Wong Tai Sin Estate, Wong Tai Sin, Kowloon |
| क्वुन तोङ केन्द्र | Podium Level, Restaurant Block, Ping Shek Estate, Kowloon |
| शेङ शुइ केन्द्र | 2/F, 2 Lung Wan Street, North District Community Centre, Sheung Shui, N.T. |
| चुन वान केन्द्र | 11/F, Tsuen Wan Hoover Plaza, 118 Chuen Lung Street, Tsuen Wan, N.T. |
| युन लङ केन्द्र | Unit 1, G/F, Shan Shui House, Shui Pin Wai Estate, Yuen Long, New Territories |
| टिन शुइ वाइ (उत्तर) केन्द्र | 2/F, Ancillary Facilities Block, Tin Yuet Estate, Tin Shui Wai, New Territories |

पुनरीक्षण र परिपुर्ति:

सफल निवेदक स्वयम व्यक्तिले वा अधिकार दिइएको व्यक्तिले HOPE केन्द्र वा अन्तराष्ट्रिय समाज सेवाको जिल्ला सेवा केन्द्रहरू (हङकङ शाखा) मा गई सहायता बुझिलिनु पर्दछ।।

सोधपूछ:

कार्यक्रमको हटलाईन: 5188 8044 (कार्यलय समय: सोमबार 09:00-18:00; मंगलबार देखि आइतबार:09:00-21:00, सार्वजनिक बिदाका दिन बन्द रहने छ)

गृह मामिला विभागको वेबसाइट: www.had.gov.hk

अन्तराष्ट्रिय समाज सेवा (हङकङ शाखा) को वेबसाइट: www.isshk-hope.org




# भाषा सम्बन्धि पाठ्यक्रममा भाग लिएका स्कुल-उपस्थित-नहुने अल्पसंख्यक जातीयहरू र मेनल्यान्डबाट आएका नँया आगन्तुकहरूको लागि सहायता



अल्पसंख्यक जातीयहरूको लागि (Nepali)